# आप्रवाशी कामदारहरूका लागि महत्त्वपूर्ण जानकारी

**तपाईंले NYC मा काम गर्नुहुन्छ भने, आप्रवासी स्थिति, राष्ट्रिय मूल वा मूल राष्ट्र बिना तपाईंसँग अधिकारहरू हुन्छन्।**

## सुरक्षा र बिरामी बिदा भुक्तान गर्नुहोस्

तपाईंले NYC मा वर्षको 80 घण्टा भन्दा बढी काम गर्नु हुन्छ भने, तपाईंले प्रत्येक वर्षको सरक्षा र बिरामी बिदाको 40 घण्टासम्म कमाउन सक्नुहुन्छ। आफ्नो लागि वा स्याहार तथा उपचारको लागि तपाईंले परिवार मान्ने कुनै पनि व्यक्तिलाई मद्दत गर्न वा घरेलु हिंसा, अनिच्छित यौन सम्पर्क, बाटो ढुक्ने वा मानव तस्करीको कुनै पनि कार्य वा धम्कीको लागि मद्दत खोज्न वा अन्य सुरक्षा उपायहरू अपनाउन बिदाको प्रयोग गर्नुहोस्।

## न्यूनतम ज्याला

तपाईंलाई आफूले गरेको हरेक घण्टाको साथै तपाईंको तालिकाबद्ध गरिएको शिफ्टको अघि र/वा पछि र कार्यदिनमा यात्रामा बिताएको समयको भुक्तानी गरीनुपर्छ।

डिसेम्बर 31, 2018 को रूपमा, यी न्यूनतम ज्यालाहरू लागू हुन्छन्:

| **न्यूयोर्क सहर - रेट तालिकामा न्यूनतम ज्यालाहरू** | **12/31/18** | **12/31/19** |
|---|---|---|
| **फास्ट फुड रोजगारदाताहरू** | | |
| कामदारहरूका कुनै पनि संख्या | $15.00 | |
| **सबै अन्य रोजगारदाताहरू** | | |
| 10 वा थोरै कामदारहरू | $13.50 | $15.00 |
| 11 वा थप कामदारहरू | $15.00 | |

*टिप टिइएको कामदारहरूका लागि त्यहाँ विशेष रेटहरू छन्।*

## ओभरटाइम

तपाईं हप्तामा 40 घण्टा भन्दा बढी काम गर्नुहुन्छ भने तपाईंको रोजगारदाता 40 भन्दा माथि काम गरेको घण्टाको लागि नियमित दरको कम्तीमा 1.5 गुणा भुक्तानी गर्नुपर्छ।

## सङ्गठन बनाउने अधिकार

तपाईंले यूनियनद्वारा प्रतिनिधित्व हुन चाहने सहित, तपाईंलाई महत्त्वपूर्ण लाग्ने कुराहरूका कार्य समस्याहरू सम्बन्धी क्रियाकलापहरूका दायरामा आफ्नो सहकर्मीहरूसँग सँगै सामेल हुन सक्नुहुन्छ। रोजगारदाताहरूले कार्य गर्ने अवस्थाहरू सम्बन्धी तपाईंको सहकर्मीहरूसँग सङ्गठन वा कुरा गर्नको लागि धम्क्याउन, भेदभाव गर्न वा अन्यथा तपाईंको विरोधमा केही कदम चाल्न सक्दैनन्।

## सुरक्षित र स्वस्थ कार्यस्थल

तपाईंको कार्यस्थलमा स्वास्थ्य र सुरक्षा जोखिमहरूको बारेमा थाहा पाउन नि:शुल्क हुनुपर्छ। तपाईंसँग जागिरका जोखिमहरूको बारेमा जानकारी र प्रशिक्षण प्राप्त गर्ने अधिकार पनि छ।

## भेदभाव-रहित कार्यस्थल

सहर, राज्य र संघीय कानूनले कामदारको निम्न वास्तविक र कथित सहित धेरै आधारहरूमा भेदभाव र उत्पीडन प्रतिबन्ध गर्छ:

- आप्रवासन स्थिति
- जाति
- राष्ट्रिय मूल
- धर्म/सम्प्रदाय
- रङ्ग
- अक्षमता
- लिङ्ग
- लिङ पहिचान
- गर्भावस्था
- लैङ्गिक झुकाव
- गिरफ्तारी वा धारणा रेकर्ड
- घरेलु हिंसाको पीडितको रूपमा स्थिति
- स्याहार प्रदायकको स्थिति

आफू कर्मचारीहरू नभएका स्वतन्त्र ठेकेदारहरूलाई पनि भेदभाव र उत्पीडनबाट सुरक्षित राखिन्छ।

*क्रमश >*


NYC

Bill de Blasio
मेयर

**Consumer Affairs**

Lorelei Salas
आयुक्त

**Mayor's Office of Immigrant Affairs**

Bitta Mostofi
आयुक्त

**Commission on Human Rights**

Carmelyn P. Malalis
आयुक्त/अध्यक्ष

## स्वतन्त्र ठेकेदारको रूपमा काम गरेको भुक्तानी

तपाईं NYC मा स्वतन्त्र कामदार हुनुहुन्छ भने, तपाईंसँग कानूनी अधिकारहरू छन् जसले निम्नलाई समावेश गर्छ:

- कुनै 120-दिन अवधिमा कामको जम्मा $800 वा सोभन्दा बढीको लागि **लिखित सम्झौता**
- **समयोचित भुक्तानी**
- तपाईंले आफ्नो कामको लागि समयोचित भुक्तानी प्राप्त गर्नुहुन्न भने **अभियोग लगाउने अधिकार**
  *तपाईंसँग आफूलाई भुक्तान नगरिएको, प्रतिशोधको लागि क्षतिहरू र वकिलको शुल्क तथा लागतहरूको भुक्तानी रकमको दोब्बर सङ्कलन गर्ने अधिकार छ।*

### यु.एस. आप्रवासन तथा भन्सार प्रवर्तन (Immigration and Customs Enforcement, ICE) तपाईंको कार्यस्थलमा आउँदा थाहा हुनुपर्ने कुराहरू:

- धैर्य रहनुहोस्।
- तपाईं ICE सँग बोल्नुभयो भने, तपाईंले जे भने पनि तपाईंको विरोधमा प्रयोग हुन सक्छ भन्ने कुरामा सचेत रहनुहोस्।
- ICE एजेन्टहरूसँग न्यायिक वारेन्ट छैन भने, तिनीहरूले निजी क्षेत्रहरूमा प्रवेश गर्न सहमति प्राप्त गर्नुपर्छ।

### तपाईं आप्रवासन प्राधिकारीहरूद्वारा नजरबन्द हुनुहुन्छ भने थाहा पाउनुपर्ने कुराहरू:

- तपाईंले वकीलसँग कुरा गर्ने अनुरोध गर्न सक्नुहुन्छ।
- तपाईंले कुनै पनि कुरा हस्ताक्षर गर्नुभन्दा अगाडि आफ्नो वकीलसँग कुरा गर्न सक्नुहुन्छ।
- तपाईं ICE सँग बोल्नुभयो भने, तपाईंले जे भने पनि तपाईंको विरोधमा प्रयोग हुन सक्छ भन्ने कुरामा सचेत रहनुहोस्।

**नोट: NYPD ले आप्रवासन प्रवर्तन सञ्चालन गर्दैन।**

थप जानकारीको लागि, मेयरको अफिस अफ इमिग्रेन्ट अफेयर्स (Mayor's Office of Immigrant Affairs) लाई 1-212-788-7654 मा सम्पर्क गर्नुहोस्।

## कुनै पनि प्रश्नहरू छन् वा सहायता आवश्यक पर्छन?

### कार्यस्थल अधिकारहरू

उपभोक्ता मामिला विभाग (Department of Consumer Affairs, DCA) श्रम नीति तथा मानदण्ड कार्यालय कामदारहरूको लागि NYC को केन्द्रिय स्रोत हो। DCA लाई सम्पर्क गर्नको लागि:

- **311** (NYC बाहिरको 212-NEW-YORK) मा फोन गर्नुहोस् भुक्तान सुरक्षित तथा बिरामी बिदा, स्वतन्त्र कामदार वा निष्पक्ष कार्यसमय कानूनको लागू अनुरोध गर्नुहोस्।
- इमेल **OLPS@dca.nyc.gov**
- **nyc.gov/dca** मा जानुहोस्

### आप्रवासन कानूनी सेवाहरू

ActionNYC ले तपाईंको समुदायमा, तपाईंको आफ्नै भाषामा सुरक्षित, नि:शुल्क अध्यागमन कानूनी स्क्रिनिङहरू उपलब्ध गराउँछ। ActionNYC लाई सम्पर्क गर्नको लागि:

- **311** मा फोन गर्नुहोस् र "ActionNYC" भन्नुहोस्।
- **nyc.gov/actionnyc** मा जानुहोस्

तपाईंले NYCitizenship मार्फत नागरिकता आवेदनहरूसँग नि:शुल्क कानूनी मद्दत प्राप्त गर्न सक्नुहुन्छ। तपाईंले अपोइन्टमेन्टको तालिका बनाउनुपर्छ। NYCitizenship लाई सम्पर्क गर्नको लागि:

- **311** मा फोन गर्नुहोस् र "citizenship appointment" भन्नुहोस्।

मेयर्स अफिस अफ इमिग्रेन्ट अफेयर्स (Mayor's Office of Immigrant Affairs, MOIA) ले आप्रवासी समुदायहरूको कल्याण प्रवर्द्धन गर्छ र आप्रवासीहरूको लागि कानूनी तथा सिटी सेवाहरू बारेमा जानकारी उपलब्ध गराउँछ। MOIA लाई सम्पर्क गर्नको लागि:

- **nyc.gov/immigrants** मा जानुहोस्

### भेदभाव सम्बन्धी सुरक्षा

न्यूयोर्क सिटी कमिशनले कानूनको प्रवर्तन र सर्वसाधारणलाई मानव अधिकार सम्बन्धी प्रशिक्षित गर्ने तथा सकारात्मक समुदाय सम्बन्धहरू बनाउन प्रोत्साहन गर्ने जिम्मेवारी प्राप्त छ।

तपाईंले काममा भेदभाव वा दुर्व्यवहार अनुभव गर्नुभएको छ वा साक्षी हुनुहुन्छ भने, आयोगलाई सम्पर्क गर्नुहोस्:

- **311** वा **1-212-416-0197** मा फोन गनु होस्
- **nyc.gov/humanrights** मा जानुहोस्


Bill de Blasio
मेयर

**Consumer Affairs**
Lorelei Salas
आयुक्त

**Mayor's Office of Immigrant Affairs**
Bitta Mostofi
आयुक्त

**Commission on Human Rights**
Carmelyn P. Malalis
आयुक्त/अध्यक्ष



6/2020